नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

**शिक्षा ऐन, २०२८ को दफा ११ (च) मा भएको आठौं र नवौं संशोधन बमोजिम २०७४।१२।२३ गते हुने प्रतियोगितात्मक लिखित परीक्षामा सहभागी हुन पाउने उम्मेदवारहरुलाई जरुरी सूचना**

१. यस आयोगको मिति २०७३/१२/१९ र २०७४/०७/२३ गतेको गोरखापत्रमा प्रकाशित विज्ञापन र सुचना बमोजिम लिखित परीक्षामा सहभागी हुन पाउने उम्मेदवारहरुको नामावली (क्षेत्रगत/जिल्लागत/विज्ञापनगत/विषयगत) विवरण आयोगको वेवसाइट www.tsc.gov.np मा प्रकाशित गरिएको छ।

२. उम्मेदवारहरुले वेवसाइटमा प्रकाशित आफ्नो नाम, परीक्षा दिन पाउने तह, विज्ञापन, विषय र रोल नं.सँग आफ्नो प्रवेशपत्रको विवरण भिडाउनु पर्नेछ। प्रकाशित सूचीमा कुनै उम्मेदवारको विवरण कारणवश फरक परेमा आयोगको अभिलेखबाट सच्याइनेछ।

३. देहाय बमोजिमका उम्मेदवारहरुलाई प्रवेशपत्र मिति २०७४/१२/२१ गते बिहान ११:०० बजे देखि दिउसो ३:०० सम्म परीक्षा केन्द्र रहेको जिल्ला शिक्षा कार्यालयवाट वितरण गरिनेछ। प्रवेशपत्र लिन आउँदा आफुलाई चिनाउने परिचयपत्र साथमा लिएर आउनुपर्नेछ।

   क) २०७४/०७/२३ गतेको गोरखापत्रमा प्रकाशित विज्ञापन/सुचना बमोजिम लिखित परीक्षामा सहभागी हुन पाउने उम्मेदवारहरु।

   ख) पहिले नै जिल्ला शिक्षा कार्यालयबाट प्रवेश पत्र प्राप्त गरिसकेका तर परीक्षा दिन पाउने तह, विज्ञापन, विषय र रोल नं.परिवर्तन भएका उम्मेदवारहरुले नयाँ प्रवेशपत्र लिनुपर्नेछ। त्यस्तो उम्मेदबारले नयाँ प्रवेशपत्र लिन आउँदा पुरानो प्रवेशपत्र र दुई प्रति पासपोर्ट साईजको फोटो ल्याउनु पर्नेछ।

   ग) अदालतको अन्तिम फैसला बमोजिम परीक्षामा सहभागी हुन पाउने गरी दरखास्त स्वीकृत भएका उम्मेदवारहरु।

४. प्रवेशपत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सहभागी गराइने छैन।

५. परीक्षा सञ्चालन हुने पूर्व निर्धारित जिल्लाहरु (झापा, काठमाण्डौ, कास्की, बाँके र कञ्चनपुर) यथावत राखिएको छ।

**पुनश्च : सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरुले यो सूचनालाई आवश्यकतानुसार प्रचार प्रसार गरिदिनुहुन अनुरोध गरिन्छ।**